थाहानगरमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता शुरु । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-२४ ● २०८० पौष ०९ गते सोमबार, ● 25 Dec., 2023, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## रैथाने बालीमा अनुदान, किसानको आकर्षण

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ८ बुढिचौर स्थित एकता स्वाबलम्बन कृषि सहकारी संस्था लिमिटेडले ८ पुसदेखि त्यस क्षेत्रमा कृषकहरूबाट उत्पादित मिठे फापर र तिते फापर खरिद गरि संकलन गर्न शुरूवात गरेको छ ।

सहकारी संस्थाले गाउँपालिकाबाट प्रति केजी मूल्य एकसय तोकिएकोमा सहकारी संस्थाले एकसय १० रुपियाँमा खरिद गरिरहेको छ । अनुदान रकम समेत थप गरी प्रति केजी १ सय १६ रूपैंयाको दरले कृषकहरूबाट फापर खरिद गरिएको सहकारीका व्यवस्थापक गुन्जरत्न लुङ्वाले जानकारी दिए । पहिलो दिनमा नै २१ जना कृषकहरूबाट २ हजार १७४ केजी फापर खरिद भएको सहकारीका सचिव अजय योन्जनले जानकारी दिए ।

सहकारीका अध्यक्ष बालानन्द तिमल्सिनाले यस वर्षदेखि कृषकहरूबाट फापर संकलन शुरूवात गरेकोमा अनुमानित १० मेट्रिक टन खरिद गर्ने लक्ष्य रहेको जानकारी दिए । गत वर्ष कृषकहरूले प्रति केजी ९० रूपैयामा बिक्री गरेकोमा यस वर्ष गाउँपालिकाको अनुदान समेत थप गरी प्रति केजी १ सय १६ रूपैया पाएकोमा कृषकहरू खुशी व्यक्त गरेका छन् । फापर बिक्री गर्ने कृषकहरू मध्ये मकवानपुरगढी ८ बुढिचौरका कृषक चन्द्र बहादुर लुङ्वाले सबैभन्दा बढी २ सय ६८ केजी फापर बिक्री गरेका छन् ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान र वडा नम्बर ८ का वडा अध्यक्ष कुमार सिं घिसिङ, वडा सदस्यद्वय गोकुल प्रसाद देवकोटा, सूर्यमाया दोङको उपस्थितिमा फापर खरिद तथा संकलनको कार्य शुरूवात गरिएको कृषि विकास अधिकृत चन्द्रकान्त चौधरीले जानकारी दिए ।

## अपाङ्गतामैत्री छैनन् मकवानपुरका
# राजनीतिक दलकै कार्यालय

विकास संवाददाता
थाहानगर

मकवानपुरका कुनैपनि राजनीतिक दलका कार्यालय अपाङ्गतामैत्री छैनन् । राजनीतिक दलका नेताहरूले अपाङ्गता भएका व्यक्तिहरूका विषयमा लामो भाषण गर्छन । तर, आफ्नै कार्यालयमा अपाङ्गता व्यक्तिहरूका लागि सहज पहुँच समेत छैन ।

पुराना र नयाँ हुन् कि ठुला वा साना हुन्, देश हाँक्ने कुनै पनि राजनीतिक दलका कार्यालय अपाङ्गतामैत्री छैनन् ती दलका वडा तहसम्म संरचना र कार्यालय भए पनि मकवानपुर जिल्ला स्तरका कार्यालयमा नै शारीरिक अपाङ्गता भएका व्यक्तिले सहज पहुँच पाउँदैनन्। यसो हुँदा दलीय प्रतिनिधित्वका आधारमा राज्यमा सहभागिता पाउन अपाङ्गता भएका व्यक्ति वञ्चित भएका छन् ।

मकवानपुरको नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीदेखि बिभीन्न राजनीतिक दलका जिल्ला स्तरका कार्यालयको अनुगमन गर्दा यीमध्ये कुनै दलका कार्यालय अपाङ्गतामैत्री पाइएनन्। कुनै दलका कार्यालयको भुइँतलामा न्याम्प अर्थात् भिरालो बनाइए पनि अपाङ्गता भएका व्यक्ति पहिलो तलामा चढ्दा घस्रिँदै जानु पर्छ । मुख्य संरचना मात्रै होइन, अपाङ्गता भएका व्यक्तिले त्यहाँ गएर शौचालय प्रयोग गर्न पनि समस्या र हेको अपाङ्गता भएका व्यक्तिहरू बताउँछन् ।

अपाङ्गतामैत्री कार्यालय बनाउन नसकेको दलका नेताहरू नै बताउँछन् । अब यसलाई सुधार गरेर लैजाने उनीहरूको भनाइ रहेको छ । अपाङ्गतामैत्री पाटीका कार्यालयहरू नहुँदा उनीहरूका कार्यालयमा गएर आफ्ना कुरा राख्नका लागि पनि समस्या भएको हेटौंडा-४ की उमा सापकोटा बताउँछिन् ।

## बकैया गाउँपालिकामा खेलाडी सम्मान

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाले जिल्ला लिग छनोटको उपाधि जित्ने खेलाडीलाई सम्मान गरेको छ । जिल्ला फुटबल संघ मकवानपुरले आयोजना गरेको जिल्ला लिग छनोट फुटबल प्रतियोगितामा बकैया युथ क्लबबाट सहभागी भइ विजयी भएका खेलाडीलाई गाउँपालिकामा आयोजित कार्यक्रममा सम्मान गरेको हो ।

जिल्लास्तरीय क्लबको मान्यतासहित जिल्ला लिग खेल्ने नयाँ टिम छनोटका लागि आयोजित प्रतियोगितामा प्रथम हुन सफल भएको भन्दै गाउँपालिकाले हौसला अभिबृद्धि गर्ने उदेश्यका साथ खेलाडिहरूलाई ९० हजार बराबरको सामाग्री सहित सम्मान गरेको हो । गाउँपालिकाले खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सम्मान गरेको छ । उनीहरूलाई गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्त बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, लगायत विभिन्न वडाका वडाअध्यक्ष तथा कर्मचारीहरूले खादा र ज्याकेटसहित सम्मान गरेका थिए ।

## कार्यपालिका निर्णय: चीनको स्थानीय तहसंग भगिनी सम्बन्धदेखि तहवृद्धिसम्म

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरेको छ । उपमहानगरले ३६ औं कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरेको हो । हेटौंडाका प्रवक्ता सविन न्यौपानेले ६ पुसमा भएको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरेका हुन् ।

कार्यपालिका बैठकले अघिल्लो बैठकको समिक्षासहित १४ औं नगर सभा २१ पुसमा गर्ने निर्णय गरेको छ । उपमहानगरपालिकाबाट जारी भएको कार्य सञ्चालन निर्देशिका परिमार्जनको लागि स्वीकृति प्रदान गर्ने, हेटौंडा-४ मा निर्माणाधिन बहुउद्देश्यीय भवनका सम्बन्धमा थप अध्ययन गरी पेश गर्न यस अघि गठित समितिलाई ३५ दिनको समय दिने, चीन राष्ट्रको युनान प्रान्तमा रहेको कुनै एक शहरसँग भगिनी सम्बन्ध स्थापना गर्ने प्रस्ताव पठाउने, हेटौंडा उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहबृद्धिको सूचना जारी गर्ने निर्णय गरेको छ ।

बैठकले सेवा करारका कर्मचारीहरूको आवश्यकता, औचित्यता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा सेवा करार अवधि थप गर्ने, बालमैत्री उपमहानगरपालिका घोषणा गर्ने सन्दर्भमा नियुक्ति भएका वडा सहजकर्ताहरूलाई प्रचलित कानून बमोजिम प्रसुति विदा, प्रसुति स्याहार विदा, किरिया विदा उपलब्ध गराउने, हेटौंडा उपमहानगरपालिका वडा नम्बर. १३ मा निर्माण हुने पदमपोखरी र 'गशालालाई जग्गाको भोगाधिकारको लागि सम्बन्धित निकायमा सिफारिस सहित लेखि पठाउने, मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशस्तरको सार्वजनिक विश्वविद्यालय कायम गर्नको लागि वडा नंम्बर ३ र ११ को सिमानामा पर्ने राप्ती नदी उकास क्षेत्रको ३० विगाह जमिन उपलब्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारिस सहित लेखि पठाउने, र हेटौंडा-५ राई टोल स्थित खाली रहेको रत्नकाली प्रा.वि.को जग्गामा हेटौंडा-५ को वडा कार्यालय भवन निर्माणको लागि चालु आ.व.मा छुट्टिएको बजेटबाट उपभोक्ता समिति मार्फत निर्माण कार्य अगाडि बढाउने निर्णय गरेको प्रवक्ता न्यौपानेले बताए ।

हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकका निर्णयहरू प्रवक्ता मार्फत सार्वजनिक गर्ने गरेको छ ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर



# • सम्पादकीय •

## प्रधानमन्त्री रोजगार कार्यक्रममा नयाँ अभ्यास थालौं

नेपालमा सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन प्रक्रियामा सुधार गर्नुपर्ने देखिएको छ । विगतका वर्षका तुलनामा सुधार देखिएको हो । बाटो सफा गर्नेदेखि झाडी फँड्नेसम्मको काममा सीमित कार्यक्रमलाई थप व्यस्थित गर्न सकिन्छ । यसतर्फ पनि पालिकाहरुले योजनावद्ध रुपमा कार्य गर्नु पर्दछ । पालिकाहरुले थोरै मात्र सृजनशीलता देखाए भने पनि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ । स्थानीय तहले कार्यक्रम संचालनमा सामान्य परिमार्जन गरेर नगर वा गाउँ पालिकाको बजेटबाट गरिने विकास निर्माणमा रोजगार कार्यक्रमका जनशक्ति परिचालन गर्न सकेमा राम्रो नतिजा हासिल गर्न सकिन्छ । गाउँ वा नगरपालिकाले खानेपानीको नयाँ ट्यांकी निर्माण, पाइप बिछ्याउने, सिँचाइका कुलो निर्माणमा उक्त सूचीकृत जनशक्ति परिचालन गर्न सकिन्छ । यस कार्यले नगर वा गाउँपालिकाको थोरै बजेटबाट धेरै काम गर्न सकिन्छ । रोजगार कार्यक्रमका जनशक्ति त्यस्ता विकासमा लगाउन सकियो भने खानेपानी, सिँचाइ, ट्रेकिङ रुट निर्माण जस्ता योनजाका लागि विनियोजन गरेको बजेटबाटै निर्माण कार्यमा संलग्नलाई ज्याला दिएर कार्यक्रमको प्रभावकारिता पनि बढाउन सकिन्छ ।

स्थानीय तहले रोजगार कार्यक्रमलाई राम्रो काममा प्रयोग गरेको देखिए पनि अधिकांश ठाउँमा भने त्यसको सदुपयोग भएको देखिँदैन । कतिपय स्थानीय तहले सडक आसपासमा झार उखेल्ने र बगेर आएको माटो सफा गर्ने काममा मात्र लगाएका छन् । असारमा उखेलिएको झार फेरि साउनमा पलाउँछ भने असारमा बाढीले बगाएर ल्याएको माटो फेरि साउनमा त्यस्तै गरी थुप्रिन्छ । तसर्थ यस्ता काममा ती जनशक्ति लगाउनुभन्दा विकास निर्माणमा लगाउनु राज्यका लागि हितकर हुने देखिन्छ । स्थानीय तहले रोजगार कार्यक्रमको जनशक्तिलाई परिमार्जन गरेर उत्पादनमूलक क्षेत्रमा लगाउने कोशिस गरे पनि सबै ठाउँमा त्यो काम हुनसकेको छैन । रोजगार कार्यक्रममा बजेट पठाउँदा नै स्थानीय तहलाई कुन–कुन काममा खर्च गर्ने भनेर पहिला नै प्रतिबद्धता जनाउन लगाउनुपर्नेछ । संघीय सरकारले कडाइ नगरेमा स्थानीय तहले आफ्ना कार्यकर्तालाई विनाकाम बजेट खर्च गरेर पाल्ने मेसो मात्र हुने देखिन्छ । राज्यको विकासमा योगदान नदिने कामका लागि ऋण नै लिएर खर्च गर्नु भनेको राज्यकोषको दुरूपयोग मात्र नभई चरम दुरूपयोग नै हो । यो दुरूपयोगलाई चाँडै नै रोक्नुपर्छ । यसमा नीति निर्माता र कार्यान्वयन गर्ने दुवै पक्षले बेलैमा ध्यान दिनुपर्छ ।

पछिल्लो समय थाहा नगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि पदमार्ग निर्माणमा बेरोजगार प्रयोग गर्ने योजना बनाएको छ । यो राम्रो पक्ष हो । बेरोजगारहरुलाई कुनै पनि विकास निर्माणमा ती जनशक्ति परिचालन गर्न सकियो भने नगर वा गाउँले विकासका लागि विनियोजन गरेको बजेटबाट ज्याला दिनु परेन । ज्याला कटाएर विकास बजेट खर्च गर्न सकिन्छ । नगर वा गाउँपालिकाले सञ्चालन गर्ने योजना तर्जुमा गर्दा नै यी–यी योजनाका लागि कामदार भने रोजगार कार्यक्रमबाट व्यवस्था गरिनेछ भन्ने किटानी हुनेछ । यसले गर्दा प्रत्येक वडामा हुने विकास निर्माणको लागि स्थानीयले नै क्षमताअनुसार रोजगारी पाउने पक्का हुन्छ भने उपभोक्ता समितिबाट गरिने विकास निर्माणको योजनाको बजेट ज्यालामा खर्च हुनबाट रोक्न सकिनेछ । यसतर्फ योजना तर्जुमा गर्दा नै स्थानीय तहहरुले ध्यान दिन सके अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्नेछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पर्यटनमा जागेको आशा



◆ रत्न प्रजापति

सन् १९५१ मा औपचारिक रूपमा नेपाल विदेशी पर्यटकका लागि खुला गरिएदेखि नै नेपाल पर्यटकीय दृष्टिकोणले आकर्षक गन्तव्य हो भन्ने सन्देश विभिन्न माध्यमबाट संसारभरि फैलिएको छ। विशेष गरी पछिल्लो समय पर्यटकहरूमाझ निकै लोकप्रिय अमेरिकी कम्पनी ट्रिप एडभाइजरमा नेपाल र नेपालका विभिन्न सहर विश्वका भ्रमण गर्नैपर्ने देश र सहर हरूको सूचीमा पर्दै आएको छ । ट्रिप एडभाइजरको सूचीमा पर्नु नै करोडौं रूपैयाँले गर्ने विज्ञापनभन्दा ठूलो विज्ञापन हो । तैपनि कहिले राजनीतिक अवरोध, कहिले सामाजिक समस्या, कहिले प्राकृतिक प्रकोप त कहिले सांस्कृतिक अतिक्रमणको हल्लामा नेपालको पर्यटन क्षेत्र सधैं प्रभावित हुँदै आएको छ ।

ठूलो आर्थिक सम्भावना बोकेका क्षेत्रहरूमध्ये पर्यटन पनि एउटा भएकाले यसको विकासका लागि सरकारी तथा निजी क्षेत्रबाट पनि सकारात्मक पहलको अपेक्षा गर्ने गरिएको छ । पर्यटन विकासलाई राज्यले पनि प्राथमिकतामा नै राखेको छ । पर्यटन नीति, २०६५, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ र पर्यटन दूरदृष्टि, २०२० लगायतका पर्यटन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी पर्यटन क्षेत्रको दीर्घकालीन विकास गर्ने लक्ष्यसहितका योजना तथा कार्यक्रमहरू राज्यले तर्जुमा गरेकै हो । यद्यपि, नेपालको पर्यटन विकासको जिम्मेवारी बोकेका सम्बद्ध निकायमा देखिएको गैरजिम्मेवारी र अकर्मण्यताका साथै द्रव्यपिचास प्रवृत्तिले गर्दा पर्यटन प्रवर्द्धनको कार्य अपेक्षित रूपमा सफल हुन सकेको छैन ।

नेपालले सरकारी तहबाटै करोडौं खर्चेर पर्यटन प्रवर्द्धनका लागि विश्वभरि प्रचारप्रसार गर्दै आइरहेको छ । तर, सोचनीय के छ भने अहिलेको ग्लोबलाइजेसनको जमाना, अनि सूचना–प्रविधिको विकासले संसारलाई एउटा सानो गाउँको रूपमा परिणत गरिसकेको समयमा करोडौं खर्चेर नेपालका बारेमा राम्रा कुराहरूको प्रचारप्रसार गरिरहनु आवश्यक छ कि छैन ? नेपालका बारेमा सुनेका र नेपालप्रति चासो राख्ने विदेशीले मिनेटभरमा आफ्नै हातको मोबाइलबाट गुगल सर्च गरेर सबै कुराको जानकारी प्राप्त गर्न सक्छन्। नेपालले करोडौं रूपैयाँ खर्चेर नेपालको प्राकृतिक सुन्दरता, यहाँको ऐतिहासिक कला, संस्कृति र सम्पदाका बारेमा बुझाउँदै हिँड्नै पर्दैन । हामीले कति साँचो बोल्दै छौं र कति झूटो बोल्दै छौं भन्ने कुरा पर्यटकले गुगलमा एक क्लिक गरेको भरमा थाहा पाउन सक्छन् ।

नेपाल सगरमाथाको देश हो भनेर संसारलाई थाहा भइसकेको छ । बुद्ध जन्मेको देश भनेर थाहा पाइसकेका छन् । नेपालमा २०७२ सालमा विनाशकारी भूकम्प आएको क्षणभरमै थाहा पाएको विश्वले नेपाल कस्तो छ, के छ र यहाँ दिनहुँ के भइरहेको छ भन्ने कुरा पलपलमा थाहा पाइरहेकै छन् । त्यसैले पर्यटन प्रवर्द्धनका नाउँमा नेपालका मन्त्री, राजदूत, सरकारी कर्मचारी, कलाकार आदिले विदेशमा गएर सडकमा नाराजुलुस गर्दै प्रचारप्रसारको तमासा गरि रहनै पर्दैन । राम्रा कुरा यसै पनि 'वर्ड अफ माउथ'बाटै एकअर्कामा सम्प्रेषण र प्रसार भइहाल्छ । संसारले एकै मिनेटमा इन्टरनेटमार्फत राम्रा तथा नराम्रा दुवै कुरा थाहा पाउन सक्ने जमानामा प्रचार प्रसारका नाउँमा करोडौं खर्च गर्नुसट्टा नेपाल भ्रमणमा आउने पर्यटकलाई गुणस्तरीय सेवा, सुविधा र सुरक्षाको प्रत्याभूति दिन सक्यौं भने तिनै पर्यटकमार्फत करोडौं रूपैयाँबराबरको प्रचारप्रसार हुनेछ । आफ्ना कमीकमजोरी र गलत अभ्यासलाई नेपथ्यमा राखेर राम्रा कुराको मात्रै विज्ञापन गरिरहँदा यसले उल्टो परिणाम पनि दिन सक्ने यथार्थतर्फ सजग हुनु आवश्यक छ ।

भ्रमणका लागि नेपाल सुरक्षित गन्तव्य हो । यहाँ गुणस्तरीय सेवा र सुविधा पाइन्छ । कुनै दुःख भोग्नु पर्दैन । कुनै समस्या भोग्नु पर्दैन । निर्धक्कसँग घुमफिर गर्न पाइन्छ । रोजीखोजी खान र बस्न पाइन्छ । नयाँ–नयाँ कुराको अनुभव गर्न पाइन्छ । नेपाली जनताबाट माया, सहयोग र सद्भाव पाइन्छ । कसैले ठग्दैनन् । कसैले लुट्दैनन् । नेपालमा रहुन्जेल असहयोग र असुरक्षाको अनुभूति गर्नै पर्दैन भन्ने सन्देश पर्यटकमार्फत देशविदेशमा पुर्याउन सक्यौं भने हामीले पर्यटन प्रवर्द्धनका नाउँमा थप प्रचारप्रसार गरि रहनै पर्दैन। राष्ट्रिय ध्वजावाहक विमानको उडानलाई बढीभन्दा बढी देशसँग जोड्ने र गुणस्तरीय तथा विश्वसनीय सेवा प्रदान गर्ने हो भने मात्रै पनि पर्यटक आगमनमा उत्साहजनक वृद्धि हुने निश्चित छ । यहाँ आएका पर्यटकहरूमा नकारात्मक धारणा बन्न नदिने जिम्माचाहिँ यहाँको सरकार र निजी क्षेत्रकै हो ।

विगतमा धेरै पर्यटक ठगिएका छन्। लुटिएका छन्। भौतिक आक्रमणमा परेका छन् र मारिएका पनि छन्। यस्तो परिस्थिति देखेभोगेको पर्यटकले आफ्नो देशमा गएर कस्तो सन्देश प्रवाह गर्छ ? यसबारेमा हामीले सायद सोचेनौं अथवा सोच्न आवश्यक ठानेनौं । पर्यटनसँग सम्बद्ध निजी, सरकारी तथा गैरसरकारी क्षेत्रका कर्मचारीहरूबाट भएगरेका गलत कामका अभ्यासबाट विदेशी पर्यटकहरू आजित र त्रसितसमेत भएका छन्। त्यस्ता भुक्तभोगी पर्यटकबाट पर्यटन प्रवर्द्धनमा सहयोगको अपेक्षा राख्नु हाम्रै भूल हो र गलत अभ्यास गर्ने हाम्रा कर्मचारीतन्त्रमाथि निगरानी राख्न नसक्नु र आवश्यक कारबाही गर्न नसक्नु हाम्रै कमजोरी हो। राम्रा कुराको मात्रै प्रचारप्रसार गर्नु साटो हामीले हाम्रा कमजोरी सुधार्ने र हाम्रो कर्मचारीतन्त्र र सेवाप्रवाहमा हुने गरेका गलत प्रवृत्तिहरूमा सुधार ल्याउने प्रतिबद्धतासहित अनुभूति हुने गरी सकारात्मक कार्य गर्न सक्यौं भने आगामी दिनहरूमा नेपालमा पर्यटक आगमनमा थप सुधार हुँदै जानेछ ।

भूकम्प, नाकाबन्दी र कोरोना कहरबाट प्रभावित नेपालको पर्यटन क्षेत्रमा पछिल्लो समय केही आशा जागेको छ। पर्यटक आगमनमा अपेक्षित वृद्धि भइरहेको छ। भूकम्प र नाकाबन्दीपछिका वर्षहरूमा नेपालमा पर्यटन आगमनले ११ लाखको संख्या (सन् २०१८ र २०१९) नाघिसकेको थियो । तर, विश्वव्यापी कोरोना कहरसँगै पर्यटक आगमन पनि नराम्ररी प्रभावित भयो। परिणामतः पर्यटक आगमन डेढ लाख (सन् २०२१) मा सीमित हुन पुग्यो ।

यद्यपि, कोरोना कहर कम हुँदै गएसँगै नेपालमा पर्यटक आगमनमा बिस्तारै वृद्धि हुन थालेको छ । सन् २०२२ मा पर्यटक आगमनको संख्या ६ लाख नाघेको छ भने सन् २०२३ को वर्षमा पर्यटक आगमन झन् उत्साहवर्द्धक देखिएको छ। सरकारले सन् २०२३ मा १० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको थियो । यो लक्ष्य पूरा भएको छ। पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२३ डिसेम्बर २७ को राति ९ बजेसम्ममा १० लाख १ हजार ८४४ पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२३ को अक्टोबर महिनामा हालसम्मकै सर्वाधिक १ लाख १७ हजार ३ सय ६ पर्यटक नेपाल भ्रमणमा आएका छन् भने नोभेम्बरमा १ लाख ८ हजार ६ सय ३० पर्यटक नेपाल भ्रमणमा आएका छन् । यसले कोरोना कहरसँगै थलिएको पर्यटन क्षेत्रमा पुनः आशा जगाएको छ । पर्यटन प्रवर्द्धनकै उद्देश्यले सरकारले सन् २०२३-२०३२ लाई 'पर्यटन दशक' को रूपमा मनाउने र आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न 'नेपाल घुमौं, नेपाल चिनौं' भन्ने नारासहित पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्ने पनि सरकारले घोषणा गरेको छ ।

पर्यटन क्षेत्रमा जागेको आशालाई कायम राख्न पर्यटनसँग सम्बद्ध निजी क्षेत्र र सरकार दुवै प्रयत्नशील रहनु आवश्यक छ। पर्यटकका लागि आवश्यक सेवा, सुविधा र सुरक्षाको व्यवस्थापनमा निजी क्षेत्र र सरकारले सहकार्य गर्दै पर्यटकलाई ढुक्कले नेपालको कुनाकाप्चासम्म भ्रमण गरेर भ्रमणको आनन्द प्राप्त गर्ने र अविस्मरणीय अनुभव र अनुभूति बोकेर स्वदेश फर्कने वातावरण सिर्जना गर्न सक्यौं भने तिनै पर्यटकमार्फत नेपालको पर्यटनका बारेमा विदेशमा करोडौं मूल्यबराबरको निःशुल्क विज्ञापन हुनेछ र नेपालले पर्यटन क्षेत्रबाट लाभान्वित भइरहने अवसर प्राप्त गर्नेछ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गरेको नेपाल भ्रमण नेपालको पर्यटन प्रवर्द्धनका लागि थप सहयोगीसिद्ध हुने अपेक्षा गरिएको छ । पर्वतारोहण, पदयात्रा र धार्मिक पर्यटनका दृष्टिले अत्यन्तै महत्वपूर्ण गन्तव्यहरूमा महासचिव गुटेरेसको भ्रमणपछि अन्तर्राष्ट्रिय समुदायमा नेपालको पर्यटनको स्वतः प्रवर्द्धन भएकाले नेपालको पर्यटन प्रवर्द्धन भई आगामी दिनमा पर्यटक आगमनमा थप वृद्धि हुने अपेक्षा पनि गरिएको छ। यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लुम्बिनी, जनकपुर र मुक्तिनाथको धार्मिक भ्रमण गरेपछि ती स्थानमा भारतीय पर्यटक आगमन बढेको पाइएको छ ।

नेपाल भ्रमणमा आउने पर्यटकबाट देशले गुणात्मक लाभ हासिल गर्न सकिर हेको छैन। गुणात्मक लाभ हासिल गर्नका लागि गुणात्मक पर्यटक आगमनमा जोड दिनु आवश्यक छ । झोकै घुम्ने र थोरै खर्च गर्ने झोले पर्यटकभन्दा धेरै खर्च गर्ने र धेरै घुम्ने पर्यटकलाई नेपाल भ्रमणका लागि आकर्षित गर्न सकियो भने मात्रै देशले पर्यटनबाट बढी आर्थिक लाभ हासिल गर्न सक्छ। निःसन्देह विदेश भ्रमणमा निस्कने पर्यटकमा खर्च गर्ने

*बाँकी पृष्ठ ३ मा*

# कति पोषिलो, कति स्वादिलो ?

## योमरी



१० पुसमा नेवार समुदायले योमरी पूर्णिमा मनाउँदैछ। नेवारहरूबीच पनि ठाउँ अनुसार यो पर्व मान्ने चलनमा आंशिक भिन्नता हुनसक्छ। तर पनि योमरी पुन्ही (धान्य पूर्णिमा) को दिन काठमाडौं उपत्यका लगायतका नेवारहरूले चामलको पिठो मुछेर अंजीर आकार बनाई त्यस भित्र तिल मिसाइएको चाकुको झोल हालिन्छ र त्यसलाई उसिनेर पकाइन्छ। यसका साथै मासको पेस्ट हालेर मायमरी बनाई खाने चलन पनि छ।

यस दिन चामलको पिठोबाट लक्ष्मी, कुबेर आदि थरिथरिका देवीदेवता पनि बनाइ ढुकुटीमा राखेर पुजिन्छ। योमरी पुन्ही सम्बन्धी किंवदन्ती यस प्रकार छ। योमरीको उत्पत्तिलाई 'रत्नबदाने बुद्ध वचन' मा उल्लेख गरिए अनुसार लिच्छवीकालका प्रख्यात राजा अंशुवर्माको पालामा पाञ्चाल नगर (अहिलेको पनौती) बाट शुरू भएको किंवदन्ती छ। तिहारमा देउसी खेले जस्तै यस दिन बेलुका विशेषतः नेवार हरूले 'त्यःछिं त्यः ब्वकछिं त्यः' भनि योमरी तथा अन्य नगद जिन्सी माग्ने चलन थियो। समयक्रमसँगै बालबालिकाहरूको छुट्टै रूची र प्राथमिकताका कारण यो चलनको लोकप्रियतामा कमी आएको पाईन्छ।

### कसरी बनाइन्छ योमरी ?

योमरी तथा मायमरी बनाउनको लागि आवश्यक चामल तथा चाकुमा शक्ति प्रदायक कार्बोहाइड्रेट प्रशस्त मात्रामा पाइन्छ। त्यसैगरी योमरीमा राखिने चाकु पनि विशेषतः यो शक्तिप्रदायक खाद्य पदार्थ हो। यसमा कार्बोहाइड्रेट उच्च मात्रामा हुन्छ। त्यसो भएर जाडो महिनामा यो पर्वको मनाउनुको सान्दर्भिकता पनि छ। किनकि जाडोयाममा शारीरिक तापको लागि क्यालोरी प्रदायक कार्बोहाइड्रेटको आवश्यकता हुन्छ। चाकुमा क्याल्सियम, आइरन, क्यारोटिन पनि पाइन्छ। यो विभिन्न आयुर्वेदिक औषधि बनाउन प्रयोग गरिन्छ। नेवारी सम्प्रदायमा माघे संक्रान्तिमा बाहेक सुत्केरी महिलालाई पनि अधिक ख्वाइन्छ। यसले शरीरमा शक्ति दिन, खोकी निको पार्न, पाठेघर खुम्च्याउन मद्धत दिन्छ।

चाकुमा मिसाइने तिल जाडो याममा खानाले शरीरमा थप ऊर्जा प्राप्त हुन्छ। कालो तिल सबैभन्दा गुणकारी मानिन्छ। यो वात, पित्त र कफनाशक हुन्छ। तिलमा भिटामिन ई समेत हुन्छ। तिलमा प्रोटिन, क्याल्सियम, भिटामिन बी कम्प्लेक्स प्रचुर मात्रामा हुन्छ। यसको सेवनले मानसिक दुर्बलता एवं तनाव हटाउँछ। दाँत बलियो पार्न, अल्काईबाट बच्न, कपाल झर्न तथा फुल्नबाट जोगाउन तथा तिल उपयोगी मानिन्छ।

चाकुको लेदोमा थप स्वादिष्ट बनाउन नरिवलको धुलो मिसाउन सकिन्छ। त्यसो त नरिवलको उपयोग फल, पानी र रसका रूपमा गरिन्छ। यो पुष्टिकारक, बलवर्द्धक, रक्तविकार एवं वातपित्त नाशक हो। यसको पानीले तिर्खा मेटाउने, पाचन बढाउने गर्दछ। यो विर्यवर्द्धक पनि हुन्छ। यसमा शरीरका लागि अति उपयोगी भिटामिन ए, बी, सी का साथै प्रोटिन, क्याल्सियम र आइरन हुन्छ।

आन्द्राको जीर्ण रोग क्रोहन्स डिजिजका लागि उपयोगी नरिवल आन्द्रामा जलन, पखाला, दिसामा रगत आउने, तौल कम हुने क्षमता हुन्छ। यसमा कोर्टिकस्टोराइड जस्तै फाइटोस्टेरोल्स हुने हुनाले सुजन आदि घटाउन मद्धत गर्दछ। ताजा नरिवलमा प्रशस्त मात्रामा पाइने जिंकका कारण मोटोपना घटाउँछ।

योमरी बनाउनका लागि ताइचिन धानको पिठो, चाकु, भुटेको तिल, तेल, खुवा, थोरै चिनी र चाहिन्छ। योमरी बनाउन तिल भुटेर पिँधिन्छ। चाकुलाई पानीमा पगालिन्छ। यो चाकु पानीमा पिँधेको तिल र अलिकति पिठो मिसाएर उमालेर लेदो बनाइन्छ। थप स्वादिलो बनाउन खुवा, नरिवलको धूलो मिसाउन पनि सकिन्छ। योमरी बनाउने क्रममा चामलको पिठोमा तातो पानी मिसाएर मुछिन्छ। यस क्रममा पिठोलाई थप गिलो बनाउन थोरै तेल मिसाउन सकिन्छ। ठिक मात्रामा नरम भएपछि सेतो नरम (मलमल) कपडाले छोपेर र ख्नुपर्छ, जसले गर्दा पछि कडा हुन पाउँदैन।

दुवै हातमा थोरै तेल लगाएर सानो ठिक्कको पिठाको डल्लो लिई अंजीर (घण्टा) आकार बनाई तलको पिँधतिर बाट प्वाल बनाइन्छ। आवश्यक मात्रामा प्वाल बनाएपछि वा वरिपरिको भित्ता ठिक्कको पातलो भएपछि पिँधतिरबाट चाकुको लेदो राखी घुमाउँदै मुख सानो सानो बनाउँदै लगि मुख टालिन्छ।

यसैबीच डेक्चीमा पानी उमालिन्छ। यसरी निश्चित संख्यामा योमरी बनाएपछि त्यसलाई प्वाल प्वाल भएको भाँडो (मःमः पकाउने जस्तो) मा राखी पानी उमालेर राखेको डेक्चीमाथि राखिन्छ। बाफबाट मात्र पाक्ने हिसाबले माथि बाट ढक्कन राखी ठिक्कको आगोमा बसालिन्छ। करिब १० मिनेट बफाएपछि ढक्कन निकालेर कुनै एउटा योमरी चिमोटेर पाक्यो पाकेन जाँच गरिन्छ। राम्ररी पाकेको योमरी नरम वा यसको बाह्य भाग एकैछिनमा चिल्लो देखिन्छ। आजकाल चाकुको ठाउँमा थोरै चिनी थपेको खुवा राखेर पनि योमरी बनाइन्छ। योमरी बनाउँदा चाकुको लेदोको ठाउँमा मासको पेस्ट हालिन्छ। बारा बनाउन तयार गरिने पेस्टमा जस्तै मायमरीमा हालिने मासको पेस्ट पनि नुन मसला ठिक्क मिसाई बनाईन्छ। पिठो मुछ्ने, डल्लो बनाउने, डल्लोमा मासको पेस्ट भर्ने अनि बफाउने तरिका योमरी पकाउँदा जस्तै हो। चिन्न सजिलो हुने हिसाबले पनि मायमरीको आकार चाहिँ त्रिकोण एवं चेप्टो आकारमा बनाइन्छ। गुलियो योमरी मात्र खाँदै गर्दा नुनिलो स्वादको मायमरी खानु मज्जै आउँछ।

योमरीसँगै धान्यपूर्णिमाका दिन बनाइने मायमरीमा प्रयोग हुने मास प्रोटिनको मुख्य श्रोत हो। यसले शरीरमा तागत र भोजनमा रूचि बढाउँछ। यसले शरीरलाई चुस्त, तन्दुरूस्त राख्नुका साथै रक्तनलीलाई शक्ति पनि प्रदान गर्दछ। कलेजोको लागि पनि लाभदायी मानिन्छ। यसको अलावा मासमा मुख्यतः पानी, क्याल्सियम, फस्फोरस, आइरन र रेसा पाइन्छन्। यसमा पाइने लवणको मिश्रणले रगत बन्न मद्धत गरि स्वास्थ्यलाई थप फाइदा गर्दछ। मास मृगौलासम्बद्ध रोगमा समेत फाइदाजनक हुन्छ। यसमा एन्टिअक्सिडन्टको मात्रा बढी हुन्छ। एन्टिअक्सिडेन्ट शरीरका कोशिका मर्मतमा उपयोगी मानिन्छ। मासमा 'फाइटोइस्ट्रोजेन' पाइने भएकाले स्तन क्यान्सरको जोखिम पनि घटाउँछ।

शरीरको कोशिका प्रक्रियाका लागि निकै आवश्यक राइबोफ्लेबिन मासमा अत्याधिक पाइन्छ। मासबाट थोरै मात्रामा क्यालोरी (उर्जा) पनि पाइन्छ। मासमा 'ग्लाइसेमिक इन्डेक्स' कम हुने हुनाले मासले रगतमा चिनीका मात्रा बढाउँदैन।

यसमा पाइने फाइबरले रगतमा चिनीको स्तर एकनासको बनाइराख्न सहयोगी हुन्छ। यही विशेषताले गर्दा मधुमेह रोगीलाई खाने सल्लाह दिइन्छ। मासमा पाइने घुलनशील रेसा (फाइबर) मुटुरोगीका लागि निकै लाभदायक हुन्छ। मास नियमित खानाले ६ साताामा रगतमा कोलेस्टेरोलको घट्छ र रक्तचाप पनि बढ्दैन। हृदयाघातको जोखिम घट्न सक्छ। कब्जियतका समस्या भएकाका राम्रो गर्दछ।

## पर्यटनमा जागेको .....

क्षमता हुन्छ नै। त्यस्तो क्षमता भएका पर्यटकलाई बढीभन्दा बढी खर्च गर्ने वातावरण सिर्जना गरिदिनुपर्छ। यसका लागि आकर्षक पर्यटन प्याकेजहरू बनाएर धेरै दिनसम्म देशका पर्यटकीय सम्भावना भएका स्थानहरूको भ्रमण गराउने र गुणात्मक सेवा प्रदान गर्न सकियो भने पर्यटकको बसाइ अवधि पनि लम्बिन्छ र उनीहरूको खर्च पनि बढ्छ। यसरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र बढी खर्च गराउन सकियो भने देशले अझ बढी आर्थिक लाभ हासिल गर्न सक्छ।

अहिले पर्यटकको औसत बसाइ अवधि १३.१ दिनमात्रै छ। यसैगरी प्रतिपर्यटक औसत खर्च ४ सय ३७ अमेरिकी डलर मात्रै छ भने प्रतिपर्यटकको प्रतिदिनको औसत खर्च ३३ अमेरिकी डलर मात्रै रहेको छ। पछिल्लो समय नेपाल भ्रमणमा आउने पर्यटकहरूमध्ये ६४.७ प्रतिशतको बिदा मनाएर आनन्द प्राप्त गर्ने रहेको छ भने १० प्रतिशतको चाहिँ पदयात्रा र पर्वतारोहण रहेको छ। यसैगरी १२.९ प्रतिशत पर्यटकको नेपाल भ्रमणको उद्देश्य तीर्थाटन रहेको छ। यी उद्देश्यले आउने पर्यटकलाई लक्षित गरेर मनोरञ्जन, पदयात्रा र पर्वतारोहणका आकर्षक प्याकेजहरू बनाएर देशको कुनाकुनासम्मका पर्यटन सम्भाव्य क्षेत्रहरूमा भ्रमण गराउने व्यवस्था गर्न सकियो भने पर्यटकको बसाइ अवधि लम्बिने र उनीहरूको खर्च पनि बढ्ने निश्चित छ। यसबाट देशलाई बढी आर्थिक लाभ प्राप्त हुनेछ। पर्यटनको पछिल्लो स्थितिले यस्तो आशा जगाएको छ। यो आशालाई पूरा गर्न सरकार र निजी क्षेत्रको पहल र सहकार्य आवश्यक छ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# गाउँपालिका राष्ट्रिय महासंघ बागमतीले मुख्यमन्त्री जम्कट्टेललाई ध्यानाकर्षण गरायो



◆ विकास संवाददाता

गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश समितिले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई २ पौषमा ध्यानाकर्षण पत्र बुझाएको छ । महासंघ प्रदेश कार्यसमिति अध्यक्ष कर्णबहादुर मगर नेतृत्वमा गएको टोलीले कर्मचारी समस्या समाधान लगायतका ६ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

ज्ञापनपत्रमा प्रदेश समपुरक र विशेष अनुदान कार्यविधि संशोधन गर्न, स्थानीय सरकारसंग सम्बन्धित कानूनहरू निर्माण गर्दा गाउँपालिका राष्ट्रिय महासंघको अनिवार्य सहभागिता गराउन, स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि तालिम महासंघको सहकार्यमा गर्न प्रदेश सरकारसंग माग गरिएको छ ।

त्यसैगरी, गाउँपालिका महासंघ बागमती प्रदेश कार्यालय संचालन गर्न अनुदानको व्यवस्था गर्न, स्थानीय सरकारको कर्मचारी सरूवा बढुवा हुँदा सम्बन्धित गाउँपालिकासंगको समन्वयमा मात्रै गर्न र दहत्तर बहत्तर संकलन लगायतका कानूनी जटिलता हटाउन महासंघले प्रदेश सरकारसंग माग गरेको छ । ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले गाउँपालिका महासंघले उठाएका कर्मचारी अभाव, दहत्तर बहत्तर संकलन लगायत स्थानीय सरकार संचालनका क्रममा परेका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा महासंघ बागमती प्रदेश कार्यसमिति सचिव कान्छालाल जिम्बा, सहसचिव मानकुमारी पाख्रिन र सदस्य फणीन्द्र तिमल्सिनाको सहभागिता रहेको थियो । टोलीले स्थानीय तहमा कर्मचारी अभावको समस्याबारे प्रदेश लोकसेवा आयोगका पदाधिकारी, बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्याय र प्रदेश किताबखानाका निर्देशक अनिता तामाङसंग छलफल गरेको थियो ।

# चार उद्योगको सम्झौता रद्द




◆ विकास संवाददाता

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरी उद्योग सञ्चालनमा नल्याउने चार वटा उद्योगसँगको सम्झौता रद्द गरेको छ । कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरेका ती उद्योगहरूले आवश्यक संरचना निर्माणसँगै उद्योग सञ्चालनमा ल्याउन नसकेको भन्दै सम्झौता रद्द गरेको हो ।

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका क्षेत्र व्यवस्थापक भोजराज बिनाडीले सनराइज कन्टेनर्स प्रालि, नाथ फुड्स् इण्डष्ट्रिज प्रालि, लक्ष्मी पेन्ट्स प्रालि र बि वाई एस हेटौँडा प्रालिसँग हेटौँडा औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्न गरिएको सम्झौता रद्द गरिएको जानकारी दिए । सनराइज कन्टेनर्सले प्लाष्टिकका बस्तुहरू, नाथ फुड्स् इण्डष्ट्रिजले बिस्कुट तथा बेकरी, लक्ष्मी पेन्ट्सले वाल पुटिङ, रङरोगन र बि वाई एस हेटौँडा विभिन्न प्रकारका फ्ल्याट, एङ्गल फाइल, कम्बिनेसन प्लायर लगायतका औजार उत्पादन गर्ने गरी उद्योग सञ्चालनका लागि जग्गा भाडामा लिन सम्झौता गरेको थियो । उनले ती उद्योगहरूले उद्योग सञ्चालन गर्न सम्झौता गरी लामो समयसम्म पूर्वाधार निर्माण गरी उद्योग सञ्चालन नगरेको र जग्गा मात्र ओगटेकोले सम्झौता रद्द गरिएको बताए ।

सम्झौता भएको छ महिनाभित्रमा आवश्यक संरचना निर्माण कार्य सुरू गरी दुई वर्षभित्रमा उद्योग सञ्चालनमा ल्याईसक्नुपर्ने र सञ्चालनमा ल्याउन नसकेमा दुई पक्षबिच भएको सम्झौता स्वतः रद्द हुने सम्झौतामा उल्लेख छ । तर दुई वर्षभन्दा बढी भइसक्दा समेत हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले सम्झौता रद्द गर्न सकेको थिएन । ती चार वटा उद्योगहरूले उद्योग सञ्चालन गर्ने भन्दै औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग सम्झौता गरी जग्गा ओगट्दै आएका थिए ।

# खानेपानी महसुल अनलाइनबाट भुक्तानी गर्न सक्ने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका भित्रका खानेपानीका उपभोक्ताहरूले पानीको महसुल अब अनलाइनबाटनै भुक्तानी गर्न पाइने भएको छ । खानेपानी व्यावस्थापन बोर्डमा आवद्ध भएका उपभोक्ताहरूले अबदेखि पानीको महसुल अनलाइनबाट भुक्तानी गर्नका लागि सहजता भएको हो ।

हेटौंडा उपमहानगर भित्र रहेको खानेपानी ब्यबस्थापन बोर्ड कार्यालय हेटौंडामा खानेपानीको महसुल एनएमवी बैंक मार्फत अनलाइनबाटै भुक्तानी गर्ने सहमति पत्रमा ४ पुसमा हस्ताक्षर समेत भएको छ । आम उपभोक्ताहरूलाई पानीको महसुल अनलाइनबाटनै भक्तानी गर्नका लागि शुभारम्भ भएको हो ।

खानेपानी बोर्डका अध्यक्ष प्रताप विष्टको अध्यक्षता तथा हेटौंडा उपमहानगरको मेयर मिना लामाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा इएनएमबि एपको उद्घघाटन गरिएको हो । उक्त एप मार्फत खनेपानी उपभोक्ताहरूले आफुलाई पाएक पर्ने समयमा सहजै बिल भुक्तानी गर्न सकिने भएको छ ।

कार्यक्रममा मेयर कुमारी लामाले स्थानीय सरकारले नागरिकहरूलाई अरू केही दिन नसके पनि उपभोग्य खानेपानी दिन सक्नुपर्ने बताइन् । अनलाइन मार्फत इएनएमबि एपको उद्घघाटन गर्दै उनले बिभिन्न स्थानमा खानेपानीकै लागि लडाइ समेत भइरहेको अवस्था भएसंगै पानीका स्रोत, मुहान, खोलानाला सुक्दै गईरहेको बेलामा पानीको संरक्षण गर्दै उपभोग योग्य बनाउनेतर्फ लाग्नुपर्ने बताइन् ।

# मकवानपुरका ९ स्थानीय तहले पाए सशर्त बजेट


◆ विकास संवाददाता



नवप्रवर्तन कार्यविधि अनुसार ससर्त अनुदान पाउने मकवानपुरलगायत ४ सय ६२ सबै योग्य स्थानीय तहहरू छनौट गरेको छ । मकवानपुरमा थाहा नगर पालिका बाहेक सबै स्थानीय तह छनौट भएको सूची सार्वजनिक गरेको छ ।

मन्त्रालयले कार्यविधि अनुसार देशभरका ४ सय ६२ स्थानीय तहहरू छनौंट हुँदा थाहा नगरपालिका परेको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा बित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविध बमोजिम मूल्यांकन गरेको, गत आथिक वर्षमा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनमा भाग लिइ तोकिएको समयमा स्वमूल्यांकन गरेका स्थानीय तहलाई शसर्त अनुदान पाउन योग्यका रूपमा सुचीकरण गरेको जनाएको छ ।

त्यसैगरी गत आर्थिक वर्षमा तोकिएको समयमै बजेट ल्याएका र पछिल्लो आर्थिक वर्षमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार ५ प्रतिशतभन्दा बढी बेरूजु नभएका स्थानीय तहले मात्र नवप्रवर्तनमा आधारित कार्यक्रम संचालनका लागि शसर्त अनुदानको रकम पाउने भएका हुन् ।






# सुत्केरी र ज्येष्ठ नागरिकलाई न्यानो झोला, संस्थापकलाई सम्मान




◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ४ जना सुत्केरीलाई न्यानो झोला वितरण गरेको छ । गत वर्षको पौष ८ देखि यसवर्षको २०८०, ८ पौषसम्म सुत्केरी भएका सदस्य हलिहरूलाई न्यानो झोला वितरण गरि एको हो ।

संस्थाको २५ औं स्थापना दिवसको अवसरमा ८ पौषमा आयोजित कार्यक्रममा १६ जना ज्येष्ठ नागरिकहरूलाई पनि सम्मान स्वरूप न्यानो झोला गरिएको हो । स्थापना दिवसकै अवसर पारेर संस्थाका २६ जना संस्थापक संचालक समितिका पदाधिकारी तथा सदस्यहरूसहित पूर्वव्यवस्थापक पशुपति अर्याललाई धन्यवाद व्यक्त गर्दै दोसल्ला ओडाएर सम्मान गरिएको छ । संस्थाका कार्यवाहक अध्यक्ष अरूण रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष बिष्णुहरी ढकाल 'जंगली', पूर्व अध्यक्षहरू बिमल कुमार ढकाल, पुरूषोत्तम कार्की, पूर्व व्यवस्थापक पशुपति अर्यालसहित संस्थापक सदस्यहरू, पूर्व पदाधिकारी तथा वर्तमान संचालक समिती सदस्यहरूको उपस्थिति रहेको थियो ।

# थाहानगरमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता शुरू

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता तथा छैठौं मेयरकप भलिबल प्रतियोगिता शुरू भएको छ । इन्द्रायणीचौरमा शुरू भएको प्रतियोगिताको नगर प्रमुख विष्णु बहादुर विष्टले एक समारोहकाबीच उद्घाटन गरेका छन् । प्रतियोगिताको पहिलो दिन भएको विभिन्न प्रतियोगितामा टिष्टुङको वागेश्वरी मावि ६ स्वर्ण सहित अग्र स्थानमा रहेको छ । ४ स्वर्णसहित जनकल्याण मावि दोस्रो र २ स्वर्ण सहित नाट्यश्वर मावि टौखेल तेस्रो स्थानमा रहेका छन ।



८ पुरमा भएको १५ सय मिटर छात्र दौड तर्फ बागेश्वरी माबीले स्वर्ण, झम्केश्वरी माविले रजत तथा बागेश्वरीले नै कास्य पदक हात पार्दा १५ सय मिटर छात्रा तर्फ जनकल्याण स्वर्ण, झम्केश्वरी रजत तथा झम्केश्वरीले नै कास्य पदक हात पार्न सफल भएको छ । सटफुट छात्रा तर्फ बागेश्वरीले स्वर्ण सुनौलाले रजत र कास्य पदक जितेकाछन भने सटफुट छात्र तर्फ जनकल्याणले स्वर्ण र रजत तथा झम्केश्वरीले कास्य पदक प्राप्त गरेका छन । ज्याभलिङ थ्रो छात्रतर्फ बागेश्वरी माविले स्वर्ण जित्दा झम्केश्वरीले रजत र जनकल्याणले कास्य हातपारेको छ । ज्याबलिङ थ्रो छात्रातर्फ मत्स्यनारायण माविले स्वर्ण र रजत तथा बागेश्वरीले कास्य पदक जितेको छ । त्रिपल जम्प छात्र तर्फ बागेश्वरीले स्वर्ण, जनकल्याणले रजत तथा झम्केश्वरीले कास्य जित्दा रिले १००×४ छात्र तर्फ बागेश्वरी स्वर्ण, झम्केश्वरी रजत तथा सुनौलाले कास्य जित्दा छात्रा तर्फ जनकल्याणले स्वर्ण, झम्केश्वरीले रजत र सुनौलाले कास्य जितेको छ ।

मार्चपासतर्फ नाट्यश्वर प्रथम जनकल्याण दोस्रो र पालुङ झ्याली तेस्रो भयो भने ८ सय मिटर छात्र दौडमा नाट्यश्वरले स्वर्ण, जनकल्याण रजत र कास्य प्राप्त गर्न सफल भएका छन् । ८ सय मिटर छात्रातर्फ जनकल्याणले स्वर्ण र रजत हातपार्दा बागेश्वरीले कास्यपदक जित्न सफल भएको छ भने लङगजम्प छात्रतर्फ बागेश्वरीले स्वर्ण, इअन बोर्डिङले रजत तथा जनकल्याणले कास्य पदक हात पारेको छ ।

थाहा नगरपालिका शिक्षा शाखाको व्यवस्थापनमा भैरहेको प्रतियोगिताको उद्घाटन कार्यक्रमका अवसरमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी तथा नगर प्रमुख बिष्टलेले खेलकुद क्षेत्रको विकासका लागि थाहा नगरपालिकाको बजेट कम भएको महशुस गरेकोले बजेट व्यवस्थापन गरी खेलकुदमा लगानी बढाउनुपर्ने बताए । खेलकुदको माध्यमबाट थाहानगरको पहिचान गराउन खेलाडीहरूले खुलेर प्रतिस्पर्धा गर्नुपर्ने र आफ्नो छुट्टै पहिचान देखाउनु पर्ने उनले बताए । खेलकुदको माध्यमबाट पहिचान गराउन उत्कृष्ट खेलाडीलाई छनोट गर्नुपर्ने नगर प्रमुख विष्टको भनाइ छ । यसका लागि नगरपालिकाले बजेट बिनियोजनमा ध्यान दिन नसकेको स्वीकार्दै सीमित बजेटको बाबजुद पनि प्रतियोगिता संचालन र व्यबस्थापन गर्ने शाखालाई धन्यवाद व्यक्त गर्दै खेलकुदको लागि बजेट वृद्धि गरी खेलमा विद्यार्थीहरूको लगावलाई तान्नुपर्ने आबश्यकता रहेको उल्लेख गरे ।

थाहानगर खेलकुद विकास समितिका संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा भएको उद्घाटन समारोहमा सहभागी अतिथीहरूलाई आयोजकका समितिका सदस्य सचिव हरिकृष्ण कार्कीले स्वागत गरेका थिए । कार्यक्रममा थाहानगर उपप्रमुख भरत गोपाली नेपाली काग्रेस नगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा माओवादी थाहाका अध्यक्ष बिनोद कुमार लामा, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, वडा नम्बर ७ का अध्यक्ष शिवराज थिङ थाहानगर शिक्षा समिति सदस्य उर्मिला गोपाली, हरिकृष्ण कार्की, सुरेन्द्रमान प्रधान, अर्जुन सुनार, राजाराम कार्की, प्रतियोगिता आयोजक समिती सदस्यहरू यादव जंग रायमाझी, मानसिं दोङ, थाहानगर भलिबल महासंघ अध्यक्ष वसन्त गोपालीलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, सहभागी विद्यालयका प्रधानाध्यापक, खेलाडी, खेल शिक्षक तथा विद्यार्थीहरूको उपस्तिथि रहेको थियो ।थाहा नगरपालिका भित्रका १४ वटा माध्यमिक विद्यालयको सहभागीता रहेको प्रतियोगितामा कराते, एथलेटिक्स, कबड्डी, भलिबल छात्रछात्रा लगायतका विधा रहेका छन् ।

# थाहानगरका शिक्षकलाई स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम




◆ विकास संवाददाता

थाहा नगरपालिकाका विद्यालयका स्वास्थ्य शिक्षकलाई स्वास्थ्य तथा पोषण सेवाहरू सम्बन्धि दुईदिने तालिम दिइएको छ । विद्यालयबाट प्रदान गरिने स्वास्थ्य तथा पोषण सम्बन्धी ज्ञान प्रदान गर्न स्वास्थ्य शिक्षकहरूलाई ६ र ७ पौषमा पालिकाको सभाहलमा तालिम दिइएको हो ।

विद्यालयबाटै स्वास्थ्य र पोषण सम्बन्धी व्यवहार परिवर्तनका सन्देशहरू दिन र विद्यालय मार्फत आधारभूत सेवाहरू प्रदान गर्न सहयोगी समुहमा सहजकर्ताको रूपमा कार्य गर्न सक्षम बनाउने उद्देश्यले तालिम दियएको थाहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । थाहा नगरका २० वटा विद्यालयका शिक्षकहरूको सहभागीता रहेको कार्यक्रमको कार्यक्रमका सहभागीहरूलाई स्वास्थ्य कार्यालय मकवानपुरका पोषणको फोकल पर्सन जन स्वास्थ्य निरीक्षक बासुदेव रिमाल र थाहा नगरका चन्द्रदिप भुजेलले सहजीकरण गरेका थिए । सो अवसरमा २० विद्यालयका स्वास्थ्य शिक्षकसहित शिक्षा शाखा प्रमुख माधवविक्रम मल्लको समेत सहभागिता रहेको थियो ।

नेपालमा स्वास्थ्य तथा पोषण सम्बन्धि सुचकहरूमा सुधार भइरहेको भएता पनि अझैपनि महिला, बालबालिका तथा किशोर किशोरीहरूमा कुपोषण लगायतका स्वास्थ्य समस्याहरू जनस्वास्थ्य समस्याका रूपमा विद्यमान रहेकोले विद्यालयस्तरबाटै कार्यक्रमलाई थप बढवा दिइएको शाखा प्रमुख बलामीले जानकारी दिए ।

# आप्रबासीको सम्झनामा कृष्णमन्दिर चोकमा दीप प्रज्वलन

◆ विकास संवाददाता

थाहा नगरपालिका शिखरकोटको कृष्ण मन्दिर चोकमा *'आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान'* भन्ने मुल नाराका साथ वैदेशिक रोजगारको क्रममा मृत्यु, अंगभंग र सम्पर्कबिहिन भएका कामदारहरूको सम्झनामा दीप प्रज्वलन गरी मनायएको छ । कार्यक्रम १८ डिसेम्बर अर्थात २ पौषमा भएको हो ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२३ को अवसरमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत हेटौंडा उपमहानगरपालीका, मनहरी गाउँपालिका र बकैया गाउँपालिकाको सहकार्य तथा थाहा नगरपालिकाको आयोजनामा दिपप्रज्वलन गरियको हो । थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथी रायमाझीले वैदेशि रोजगार बाध्यता रहेको बताउँदै देशमै उद्यम विकास गर्न सके स्वदेशमै आम्दानी गर्न सकिने बताए । यसका लागि पालिकाले विभिन्न योजना निर्माण गरिरहेको बताए । वैदेशिक रोजगारमा जानै परे राम्रोसंग बुझेर जान पालिकाबाट पनि यससम्बन्धी जानकारी उाउन सकिने उल्लेख गरे ।

दीप प्रज्वलन कार्यक्रम थाहा नगर पालिका आप्रवासी हित संरक्षण मंचका संयोजक सुमन रायमाझीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा थाहा नगरपालिका रोजगार संयोजक कुमार नेगीलगायतकाको आतिथ्यता रहेको थियो ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# आधुनिक कृषि तथा पशुपंक्षी पालक कृषक समूहको दोश्रो वार्षिक साधारणसभा

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको आधुनिक कृषि तथा पशुपंक्षी पालक कृषक समूहको दोश्रो वार्षिक साधारणसभा ७ पौषमा सम्पन्न भएको छ। थाहानगरको शंकर होटलमा भएको साधारणसभाले आगामी २ वर्षे कार्यकालको लागि राजेन्द्रकुमार खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा कृष्ण बिष्ट, सचिबमा मधुकर अधिकारी, कोषाध्यक्षमा प्रदिप उप्रेती चयन भएकाछन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा भुवन सेढाई, कपिलध्वज कार्की, रबि जिम्बा चयन भएकाछन् । साधारणसभाले कार्यसमितिको तर्फबाट कार्यबाहक अध्यक्ष राजेन्द्रकुमार खत्रीले प्रस्तुत गरेको बार्षिक प्रतिबेदन सहित आगामी नीति तथा कार्यक्रम, कोषाध्यक्ष प्रदिप उप्रेतीले प्रस्तुत गरेको लेखापरीक्षण प्रतिबेदन सहितको आर्थिक प्रतिबेदन पारित गरेको छ ।

वि.सं. २०७८ मा स्थापना भएको समूहले विभिन्न संघसंस्थासंगको समन्वयमा कृषि र पशुपालन सम्बन्धि विविध कार्यक्रम संचालन गर्दै आएको छ। कार्यक्रम कार्यबाहक अध्यक्ष राजेन्द्रकुमार खत्रीको अध्यक्षतामा भएको थियो ।

# बकैयाको प्रशासनिक भवन निर्माणमा तिव्रता, चालु वर्षमै निर्माण सकिने

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाको प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ । काम सम्पन्न गर्ने निर्धारित मितिभन्दा अगाडि नै भवन निर्माण सम्पन्न गर्ने लक्ष्यसाथ कामलाई तीव्रता दिइएको निर्माण कम्पनीले जनाएको छ ।

गाउँपालिका सञ्चालनमा रहेकै प्रंगणमा चारतले सुविधा सम्पन्न भवन निर्माणको काम अन्तिम चरणमा पुगेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले बताए । उनका अनुसार- 'नयाँ बन्न लागेको गाउँपालिकाको प्रशासनिक आरसिसी भवन नयाँ मापदण्ड अनुसारको बन्न लागेको हो ।' यस अधि



ट्रष्टको भवनबाट बकैया गाउँपालिकाको कार्यालय संचालन हुँदै आएको छ। निर्माण कम्पनी पक्षले समयमै काम सम्पन्न गर्ने लक्ष्य र गाउँपालिकाको नियमित अनुगमन कार्यले भवन निर्माण कार्यले तीव्रता पाएको श्रेष्ठले बताए । निर्माण कम्पनीले ०७९ सालको जेठ ३१ गते भवन निर्माणका लागि गाउँपालिकासँग सम्झौता भए अनुसार तोकिएकै समय २०८१ जेठ ३० गते सम्पन्न गर्ने प्रशासकीय अधिकृत श्रेष्ठको भनाइ छ ।

दुई वर्षमा सम्पन्न गर्ने गरी आशिर्वाद/संजय/सुभानी जे.भी. हेटौंडा-५ मकवानपुरले सात करोड ८२ लाख ५० हजार ७७० रूपौयाँमा सम्झौता गरेको पालिकाले जनाएको छ । संघीय सरकारको अनुदानमा हुन लागेको भवन निर्माणका लागि लाग्ने लागत रकम निकासामा केहि ढिलाई भएका कारण भने केहि ढिला हुने हो कि भन्ने आशंका श्रेष्ठको छ ।

असार मसान्तसम्म भवन निर्माण सम्पन्न गरेर गाउँपालिकालाई बुझाउनुपर्ने सम्झौता अनुसार निर्माण कम्पनीले काम सम्पन्न गरेर हस्तान्तरण गर्ने गरी काम भइरहेको कम्पनीले जनाएको छ ।

## यात्रालाई सुरक्षित बनाऔं !

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं, मादक पदार्थ सेवन गरेका चालकलाई सवारी साधन चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय